## विपना त बन्धनको पराकाष्ठा हो ।

विपना त बन्धनको पराकाष्ठा हो,
बिंझाइको प्रहरदेखि सुरु हुन्छ
एउटा अविराम यात्रा
श्रृङ्खला कटुताको,
सशङ्कित पोथीले झैं बाजको आक्रमणबाट
आफूलाई जोगाएर
पाइला-पाइलामा जीवनका संन्त्रासको
अनुभूति बोकेर
कङ्क्रिटका धारिला पथहरूमा
फलामे यन्त्रका गह्रौं बोझले दबिएर
हिँड्न असुविधा हुन्छ
उचालेर खुट्टाहरू
फैलाएर हातहरू
साह्रै सङ्कीर्णताको परिवेश भोगेर
बाँच्ने बाध्यता हुन्छ
मस्तिष्कमाथि आशङ्का र त्रासको तरबार
झुन्ड्याएर
म समयको लक्ष्मणरेखा नाघ्न असमर्थ
निसास्स्न्छिु आफ्नो वरिपरि
पर्खालहरू उभ्याएर ।

म कति आत्मछल बाँचेको हुन्छु
विपनामा,
तरुनीसित सम्भोग सोचेर एकान्तमा
तरुनीका शरीरहरूको स्पर्श गर्दै
हस्तमैथुनको क्रियाले
रासलीला रच्दै
स्खलनले भिजेको अन्डरवेयर भित्र
नैतिक भएको
नैतिकताको स्वाङ रच्छु
प्रदर्शन गर्छु,
म आफ्ना इच्छा र आकाङ्क्षहरूको
जवर्दस्त दमन गरेर
कुण्ठामा बाँच्छु,
जहाँ मेरो 'स्व' को कुनै अस्तित्व हुँदैन
जहाँ मेरो निजी अनुभूतिको कुनै मूल्य हुँदैन,
आवरण र आवरण मात्र

मलाई मर्यादाको पर्खालले छेक्छ
मलाई धर्मको, संस्कृतिको, झूटो शानको
आडम्बरको
थाम्नै नसकिने पोशाकको भारीले दाब्छ,
आहो ! म कति परतन्त्र ?
पराधीन र परोन्मुख
मेरो आफू हुनुको वास्तविक प्रतिबिम्बन
नै हुँदैन ।

सपना मेरो नाङ्गोपनको द्योतक हो,
सपनामा म आफू पूर्ण उजागर हुन्छु
मेरो इच्छाको एकलौटी बादशाह
म आत्मतृप्त हुन्छु सपनामा
आत्म सन्तुष्ट हुन्छु
सपनामा म उडेर
कुनै पर्वतको किल्लाले थुन्दैन मलाई
म विजेता
शत्रुलाई परास्त गर्छु र अघि बढ्छु ।

६ ६ ६